# श्री पुरचौंडी बहुमुखी क्याम्पस

## पु.न.पा. १ हाट, बैतडी

स्था. २०६५

# वार्षिक प्रतिवेदन

## आ.व.२०७३/०७४

मिति २०७४/१०/१५ (परिमार्जित)

# प्रतिवेदन तयार पार्ने समूह

## (Report Preparation Team)

| | |
|---|---|
| राजेन्द्र बहादुर नेगी | (संयोजक) |
| विनोद सिंह भण्डारी | (सदस्य) |
| गणेश भण्डारी | (सदस्य) |
| नरेन्द्र बडु | (सदस्य) |
| नागेन्द्र भण्डारी | (सदस्य) |

Date of Report endorsement by Managemant Committee 2074 /10/15

# (Executive Summary)


बैतडी जिल्लाको सदरमुकामदेखि १९ कोष टाढा उत्तर पूर्वि भेगमा अवस्थित आर्थिक, भौगोलिक र शैक्षिक पहुँच बाट टाढा रहेको यस पुरचौडी क्षेत्रमा वि.स. २०६५ /०९/ ०५ मा त्रि.वि.वि. बाट सम्वन्धन प्राप्त गरि यस क्षेत्रका हजारौ युवा युवती जुन टाढा गएर पढ्न नसक्ने अवस्थालाई मध्यनजर गरि क्याम्पसको स्थापना भयो ।

उच्च शिक्षामा यस ग्रामिण क्षेत्रका छात्र, छात्राहरुको पहुँच पुऱ्याइ सहज, सुलभ एवं गुणस्तरिय शिक्षा प्रदान गरी सिपमुलक जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणमा महान भुमिका खेल्ने पवित्र उद्देश्य राखी यस क्षेत्रको जनचाहना र आवश्यकतालाई महसुस गरि यस क्षेत्रका शिक्षाप्रेमी, बुद्धिजिवी, राजनैतिक कार्यकर्ता, शिक्षक, व्यापारी तथा आमजन समुदायको आर्थिक, नैतिक तथा भौतिक सहयोगमा त्रि. वि. वि. बाट सम्बन्धन लिई सामुदायिक क्याम्पसको नाम ↘पुरचौडी बहुमुखी क्याम्पस↗ रहन गयो । स्थापना समयमा आर्थिक, भौतिक तथा मानविय साधनस्रोतको अभावका बाबजुद यस क्याम्पसले थुप्रै चुनौतिहरुको सामना गर्दै त्रि. वि. वि. को नियमानुसार आफ्ना सम्पूर्ण शैक्षिक तथा प्रशासनिक कामकाज संचालन गर्दै आइरहेको छ ।

क्याम्पसले यस क्षेत्रका आम सरोकारवालाहरुको चाहाना अनुरुप शिक्षा प्रदान गर्न र क्याम्पसको संस्थागत विकास गर्न संस्थाको आफ्नै नाममा रहेको ५ रोपनी ८ आना १ पैसा ३ दाम (५-०८-०१-०३) कुल क्षेत्रफल जमिनमा क्याम्पस संचालक समिति र क्याम्पस परिवार सौजन्यको पहलमा सम्पूर्ण सरोकारवाला, पुरचौडी नगरपालिकाका साविकका गा.वि.स., स्थानिय चन्दादाता, निर्माण व्यवसायी संघ, संसदकोष, जिल्ला विकास समिति, विद्यार्थी भर्ना र विश्वविद्यालय अनुदान आयोग (UGC) को आर्थिक सहयताले र यस क्षेत्रका अभिभावक, बुद्धिजिवी, राजनैतिक कार्यकर्ता, शिक्षक, व्यापारी र आम जनसमुदायको नैतिक सहयोग र समर्थनले क्याम्पसमा आफ्नै १५ कोठे पक्की भवन निर्माण, अध्ययन अध्यापनको लागि ९ कोठा, कार्यालय तथा अन्य प्रयोजनका लागि ५ कोठा, बैठक कक्ष १ र छात्र छात्रा शौचालय ४ कोठे निर्माण गर्न सफल रहेको विद्यमान अवस्था छ । वि.सं. २०६५ सालमा त्रि. वि. वि. बाट स्नातक तहमा शिक्षा सास्त्र संचालनको लागि अनुमति लिई अर्थशास्त्र, अंग्रेजी, नेपाली र जनसंख्या शिक्षा बिषयको अध्ययन अध्यापन कार्य सुचारु गराउँदै आएको छ । यस क्षेत्रका सम्पूर्ण सरोकारवालाहरुको चाहना र आकांक्षालाई मध्यनजर गरी समयसापेक्ष र बदलिदो आवश्यकता अनुरुप स्तरीय शिक्षा प्रदान गर्न वि.सं. २०७० सालमा त्रि. वि. वि.बाट सम्बन्धन प्राप्त गरी व्यवस्थापन संकाय (BBS) तर्फ पठन पाठन कार्य समेत सञ्चालन गरि यस भेगका उच्च शिक्षा प्रप्तिका लागि टाढा जान नसकेका निम्न आयस्रोत भएका युवायुवतीहरुको लागि यो क्याम्पस आकर्षणको केन्द्र बनेको छ ।

अन्तमा क्याम्पसका चुनौती र अवसरहरु लाई मध्यनजर गर्दै क्याम्पसको संस्थागत विकास र गुणस्तरिय शिक्षा प्रदान गर्न एवम् उत्कृष्ट शैक्षिक संस्थाको रुपमा अगाडी बढाउन सम्पुर्ण सरोकारवाला हरुको अहम् भुमिका रहेको छ । स्थापना काल देखि हाल सम्म क्याम्पसको वृद्धि विकासका लागि महत्वपूर्ण भुमिका निर्वाह गरि सहयोग गर्नु हुने यस क्षेत्रका वुद्धिजिवी, शिक्षक, व्यापारि, हालको पुर्चौडी नगरपालिका ,जि.वि.स, निर्माण व्यवसायि संघ, माननिय सांसद, अभिभावक, चन्दादाता र विश्व विद्यालय अनुदान आयोग(UGC) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौ ।


राजेन्द्र बहादुर नेगी
(क्याम्पस प्रमुख)

# Table of contents

Page

Background..............................................

Academic Progress...................................

Physical Progress....................................

Financial Progress...................................

Social Progress.......................................

Issues and Challenges..............................

Annual Work Plan .................................

## भुमिका (Background)

बैतडी जिल्लाको सदरमुकामदेखि उत्तर पूर्वि भेगमा अवस्थित जिल्लाकै भौगोलिक रुपले विकट, आर्थिक रुपले विपन्न र शैक्षिक रुपले पछाडी परेको क्षेत्र पुरचौडी हो । जिल्ला सदरमुकाम देखि धेरै टाढा रहेको यस भेगमा बसोबास गर्ने जनताहरु सरकारका हरेक सेवा सुविधाबाट बन्चित रहेका छन । शिक्षा नै विकासको मूल आधार र मानव विकासको पहिलो पुर्वाधार नै शिक्षा भएकोले त्यस अवसरबाट बन्चित हुन पुगेका यस क्षेत्रका जनताहरु एवं हजारौ युवा युवतीहरु उच्च शिक्षाको पहुँचबाट टाढा हुन पुगेका थिए ।

उच्च शिक्षामा यस ग्रामिण क्षेत्रका छात्र, छात्राहरुको पहुँच पुऱ्याइ सहज, सुलभ एवं गुणस्तरिय शिक्षा प्रदान गरी सिपमुलक जनशक्ति उत्पादन गरी राष्ट्र निर्माणमा महान भुमिका खेल्ने पवित्र उद्देश्य राखी यस क्षेत्रको जनचाहना र आवश्यकतालाई महसुस गरि यस क्षेत्रका शिक्षाप्रेमी, बुद्धिजिवी, राजनैतिककार्यकर्ता, शिक्षक, व्यापारी तथा आमजन समुदायको आर्थिक, नैतिक तथा भौतिक सहयोगमा त्रि. वि. वि. बाट सम्बन्धन लिई सामुदायिक क्याम्पसका रुपमा वि.सं. २०६५।०९।०५ मा स्थापना भएको यस क्याम्पसको नाम “पुरचौडी बहुमुखी क्याम्पस” रहन गयो । स्थापना कालमा पठन पाठन कार्य गर्न क्याम्पससंग आफ्नै जमिन, भवन र भौतिक संरचना नभएकोले बैतडी जिल्लाको सबैभन्दा जेष्ठ विद्यालय राणाकालिन समय २००४ सालमा स्थापित हाट-४ मा अवस्थित श्री डिलेश्वरी उच्च मा. वि भवनमा वि.सं. २०६५ सालदेखि वि.सं. २०६९ माघ महिना सम्म अध्ययन अध्यापन वा कक्षा संचालन गरियो । स्थापना समयमा आर्थिक, भौतिक तथा मानविय साधनस्रोतको अभावका बाबजुद यस क्याम्पसले थुप्रै चुनौतिहरुको सामना गर्दै त्रि. वि. वि. को नियमानुसार आफ्ना सम्पूर्ण शैक्षिक तथा प्रशासनिक कामकाज संचालन गर्दै आइरहेको छ ।

क्याम्पसले यस क्षेत्रका आम सरोकारवालाहरुको चाहाना अनुरुप शिक्षा प्रदान गर्न र क्याम्पसको संस्थागत विकास गर्न संस्थाको आफ्नै नाममा रहेको ५ रोपनी ८ आना १ पैसा ३ दाम (५-०८-०१-०३) कुल क्षेत्रफल जमिनमा क्याम्पस संचालक समिति र क्याम्पस परिवार सौजन्यको पहलमा सम्पूर्ण सरोकारवाला, यस क्षेत्रका गा.वि.स.( १४वटा) स्थानिय चन्दादाता, निर्माण व्यवसायी संघ, संसदकोष, जिल्ला विकास समिति, विद्यार्थी भर्ना र विश्वविद्यालय अनुदान आयोग (UGC) को आर्थिक सहयताले र यस क्षेत्रका अभिभावक, बुद्धिजिवी, राजनैतिक कार्यकर्ता, शिक्षक, व्यापारी र आम जनसमुदायको नैतिक सहयोग र समर्थनले क्याम्पसमा आफ्नै १५ कोठे पक्की भवन निर्माण, अध्ययन अध्यापनको लागि ९ कोठा, कार्यालय तथा अन्य प्रयोजनका लागि ५ कोठा, बैठक कक्ष १ र छात्र छात्रा शौचालय ४ कोठे निर्माण गर्न सफल रहेको विद्यमान अवस्था छ । वि.सं. २०६५ सालमा त्रि. वि. वि. बाट स्नातक तहमा शिक्षा सास्त्र संचालनको लागि अनुमति लिई अर्थशास्त्र, अंग्रेजी, नेपाली र जनसंख्या शिक्षा बिषयको अध्ययन अध्यापन कार्य सुचारु गराउँदै आएको छ । यस क्षेत्रका सम्पूर्ण सरोकारवालाहरुको चाहना र आकांक्षालाई मध्यनजर गरी समयसापेक्ष र बदलिदो आवश्यकता अनुरुप स्तरीय शिक्षा प्रदान गर्न वि.सं. २०७० सालमा त्रि. वि. वि.बाट सम्बन्धन प्राप्त गरी व्यवस्थापन तर्फ पठन पाठन कार्य समेत सञ्चालन गरि यस भेगका उच्च शिक्षा प्रप्तिका लागि टाढा जान नसकेका निम्न आयस्रोत भएका युवायुवतीहरुको लागि यो क्याम्पस आकर्षणको केन्द्र बनेको छ

यस क्याम्पसले राखेको लक्ष्य र उद्देश्य पुरा गर्न, स्तरीय शिक्षा प्रदान गर्न अध्ययन अध्यापनका लागि पूर्णकालिन बिषयगत उप प्राध्यापक ६ जना र आंशिक बिषयगत ५ जना, क्याम्पसको प्रशासनिक कामकाजका लागि ४ जना पूर्णकालिन कर्मचारी र १ जना चोकिदारको व्यवस्था रहेको छ । स्थापना काल देखि हालसम्म यस क्याम्पसले २६० जना स्नातक तह पास गरेका विद्यार्थीहरु उत्पादन गर्न सफल रहेको छ

# Academic Progress

- विगत ३ वर्ष यताको विद्यार्थी भर्ना दर विश्लेषण
  (Enrolment Trend Analysis of the last 3 years)

यस क्याम्पसको विगत तिन वर्ष यताको विद्यार्थी भर्ना दरको विश्लेषण निम्न तालिकामा देखाइएको छ ।

| संकाय | शै.स. | जम्मा | छात्र | छात्रा | दलित | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | छात्र | छात्रा | | |
| # B,Ed | २०७२/०७३ | | | | | | १६२ | |
| First | ➦ | ६२ | १२ | ५० | ५ | ७ | | |
| Second | ➦ | ४६ | ११ | ३५ | ४ | ४ | | |
| Third | ➦ | ५४ | १४ | ४० | २ | ४ | | |
| # BBS | ➦ | | | | | | २३ | |
| First | ➦ | १० | २ | ८ | | | | |
| Second | ➦ | ८ | ३ | ५ | | | | |
| Third | ➦ | ५ | २ | ३ | | | | |
| # B,Ed | २०७३/०७४ | | | | | | १७२ | |
| First | ➦ | ८० | १९ | ६१ | ८ | ६ | | |
| Second | ➦ | ५२ | १० | ४२ | ४ | ५ | | |
| Third | ➦ | ४० | ९ | ३१ | २ | ४ | | |
| #BBS | ➦ | | | | | | २३ | |
| First | ➦ | १० | ५ | ५ | १ | | | |
| Second | ➦ | ८ | ३ | ५ | | | | |
| Third | ➦ | ५ | २ | ३ | | | | |
| #B,Ed | २०७४/०७५ | | | | | | १७० | |
| First | ➦ | ८५ | ३३ | ५२ | ६ | ८ | | |
| Second | ➦ | ६२ | १७ | ४५ | ५ | ६ | | |
| Third | ➦ | २३ | ८ | १७ | १ | | | |
| #BBS | ➦ | | | | | | ४३ | |
| First | ➦ | २५ | १० | १५ | २ | ३ | | |
| Second | ➦ | ८ | ३ | ५ | | | | |
| Third | ➦ | ५ | २ | ३ | | | | |
| fourth | ➦ | ५ | २ | ३ | | | | |

उपरोक्त तालिकाको विश्लेषण गर्दा यस क्याम्पसमा अध्ययन गर्न भर्ना भएका विद्यार्थी संख्यामा धेरै ठुलो अन्तर देखिदैन र संकायगत विश्लेषण गर्दा यस क्याम्पसमा सञ्चालित २ वटा संकाय मध्ये शिक्षाशास्त्र संकायमा भर्ना भएका विद्यार्थीहरुको संख्या वढि र व्यवस्थापन संकाय अध्ययन गर्ने विद्यार्थीहरुको संख्या कम रहेको छ । त्यसैगरि यस क्याम्पसका विद्यार्थीहरुको लैङ्गिक विश्लेषण गर्दा छात्र भन्दा छात्राहरुको संख्या बढि रहेको छ भने जातिगत तत्थ्यांक विश्लेषण गर्दा यस क्याम्पसमा खस आर्य जातिका विद्यार्थीहरुको बाहुल्यता रहेको छ भने दलित जातका विद्यार्थीहरुको भर्नादर एकदम न्युन रहेको छ ।

- ## विगत ३ वर्ष यताको विद्यार्थी उत्तिर्ण दर विश्लेषण (Pass Rate Trend Analysis of the last 3 years)

यस क्याम्पसमा विगत तिन वर्ष यताको विद्यार्थी उत्तिर्ण दरको विश्लेषण निम्न तालिकामा देखाइएको छ ।

| संकाय | शै.स. | जम्मा | छात्र | उत्तिर्ण | छात्रा | उत्तिर्ण | दलित | | | | उत्तिर्ण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | छात्र | उत्तिर्ण | छात्रा | उत्तिर्ण | | |
| # B,Ed | २०७१/०७२ | | | | | | | | | | | |
| First | 〃 | ५८ | १६ | ६ | ४२ | १६ | ५ | १ | ३ | १ | २४ | |
| Second | 〃 | ७९ | ३१ | ११ | ४८ | १७ | ४ | १ | २ | | २९ | |
| Third | 〃 | ८५ | ३१ | १२ | ५४ | २० | २ | | २ | | ३२ | |
| # BBS | 〃 | | | | | | | | | | | |
| First | 〃 | २० | १० | ४ | १० | ३ | १ | | १ | | ७ | |
| Second | 〃 | १५ | ७ | २ | ८ | २ | | | | | ४ | |
| Third | 〃 | | | | | | | | | | | |
| # B,Ed | २०७२/०७३ | | | | | | | | | | | |
| First | 〃 | ६२ | १२ | ८ | ५० | १४ | ५ | २ | ७ | १ | २५ | |
| Second | 〃 | ४६ | ११ | ७ | ३५ | १३ | ४ | १ | ४ | | २१ | |
| Third | 〃 | ५४ | १४ | ६ | ४० | १० | २ | | ४ | १ | १७ | |
| # BBS | 〃 | | | | | | | | | | | |
| First | 〃 | १० | २ | १ | ८ | ५ | | | | | ६ | |
| Second | 〃 | ८ | ३ | २ | ५ | २ | | | | | ४ | |
| Third | 〃 | ५ | २ | १ | ३ | | | | | | १ | |
| # B,Ed | २०७३/०७४ | | | | | | | | | | | |
| First | 〃 | ८० | १९ | ८ | ६१ | १७ | ८ | २ | ६ | २ | २९ | |
| Second | 〃 | ५२ | १० | ४ | ४२ | १४ | ४ | २ | ५ | २ | २२ | |
| Third | 〃 | ४० | ९ | ३ | ३१ | ८ | २ | | ४ | १ | १२ | |
| #BBS | 〃 | | | | | | | | | | | |
| First | 〃 | १० | ५ | २ | ५ | २ | १ | | | | ४ | |
| Second | 〃 | ८ | ३ | २ | ५ | ३ | | | | | ५ | |
| Third | 〃 | ५ | २ | २ | ३ | १ | | | | | ३ | |

यस क्याम्पसमा विगत तिन वर्ष यता भर्ना भई उत्तिर्ण गरेका विद्यार्थी संख्याको विश्लेषण गर्दा प्रत्येक संकाय र तहमा भर्ना भएका विद्यार्थीहरु मध्ये केहि विद्यार्थीहरु विचैमा क्याम्पस छोडी दिने र परिक्षामा सहभागि विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत हेर्दा सन्तोसजनक रहेको छ र औषतमा हेर्दा व्यवस्थापन संकाय भन्दा शिक्षाशास्त्र संकाय अध्ययन गर्ने विद्यार्थीहरुको उत्तिर्ण दर बढि रहेको छ । लैङ्गिक हिसावले हेर्ने हो भने परिक्षामा सामेल भएकाहरु मध्ये छात्र भन्दा छात्राहरुको उत्तिर्ण दर उच्च रहेको छ। र दलित छात्र छात्राहरुको उत्तिर्ण दर भने न्युन रहेको छ।

- <u>विगत ३ वर्षको स्नातक तह उत्तिर्ण दर विश्लेषण</u>

## <u>( Graduate Trend Analysis of the last 3 years)</u>

यस क्याम्पसमा विगत तिन वर्षको स्नातक तह विद्यार्थी उत्तिर्ण दरको विश्लेषण निम्न तालिकामा देखाइएको छ ।

| संकाय | शै.स. | जम्मा | छात्र | उत्तिर्ण | छात्रा | उत्तिर्ण | दलित | | | | उत्तिर्ण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | छात्र | उत्तिर्ण | छात्रा | उत्तिर्ण | | |
| # B,Ed | २०७१/०७२ | ८५ | ३१ | १२ | ५४ | २० | २ | | २ | | ३२ | |
| | २०७२/०७३ | ५४ | १४ | ६ | ४० | १० | २ | | ४ | १ | १७ | |
| | २०७३/०७४ | ४० | ९ | ३ | ३१ | ८ | २ | | ४ | १ | १२ | |
| जम्मा | | | | | | | | | | | ६१ | |

यस क्याम्पसमा अध्ययन गरि विगत तिन वर्ष यता स्नातक तह उत्तिर्ण गरेका विद्यार्थी संख्याको विश्लेषण गर्दा उत्तिर्ण दर शन्तोषजनक रहेको छ र लैङ्गिक हिसावले हेर्ने हो भने परिक्षामा सामेल भएकाहरु मध्ये छात्र भन्दा छात्राहरुको उत्तिर्ण दर उच्च रहेको छ। र दलित छात्र छात्राहरुको उत्तिर्ण दर भने न्युन रहेको छ।

- कार्यक्रम <u>( Programme)</u>

यस क्याम्पसमा निम्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन ।

| संकाय | विषयहरु |
|---|---|
| शिक्षाशास्त्र (B,Ed) | अंग्रजी, नेपाली, जनसंख्या र अर्थशास्त्र |
| व्यवस्थापन (BBS) | वजारशास्त्र, वित्तिय व्यवस्थापन, लेखाशास्त्र |

क्याम्पसको स्थापनाकाल देखि हाल सम्म शिक्षाशास्त्र (B,Ed) र व्यवस्थापन (BBS) गरि दुइ वटा संकायमा शैक्षिक कार्यक्रमहरु सञ्चालनमा रहेको छ । वदलिदो समय परिवेश माग र जन चाहना लाई मध्यनजर गरि आगामि दिनहरुमा थप संकाय एवम् विषयहरुको अनुमति लिनुपर्ने अपरिहार्यता एवम् आवश्यकता रहेको छ ।

- ## शैक्षणिक विधि ( Educational Pedagogy)

क्याम्पसले राखेका लक्ष्य र उद्येश्यहरु पुरा गर्न र गुणस्तरिय शिक्षा प्रदानगरि नमुना एवम् उत्कृष्ट शैक्षिक सस्थाको रुपमा विकास गर्न कक्षाकोठामा गरिने शिक्षण क्रियाकलाप तालिम प्राप्त शिक्षक भौतिक अवस्था मजवुत एवम् स्वच्छ शैक्षिक वातावरण प्रशासनिक एवम् आन्तरिक व्यवस्थापन एव्म दिगो विकासको योजना अपरिहार्य हुन जान्छ ।जसका लागि क्याम्पसले विषयगत शिक्षकहरुको उपलब्धताका साथै कक्षाकोठामा प्रोजेक्टर र छलफल विधिको प्रयोग गरि शिक्षण क्रियाकलाप सञ्चालन गर्दै आएको छ । एउटै विषयका दुई तिन वटा शिक्षकहरु विच विषयवस्तुमा छलफल अन्तरक्रियाका साथै कक्षा शिक्षण लाई प्रभावकारि एवम् गुणस्तरिय शिक्षा दिन यो क्याम्पस सफल रहेको छ ।

## भौतिक अवस्था ( Physical Progress)

- ## Infrastructural Development

यस पुरचौडी बहुमुखी क्याम्पसले आफ्नो स्थापना काल देखि आफ्नो नाममा भएको जग्गा र उक्त जग्गामा आफ्नै भवन बनाउन सफल भएको छ । कुनै पनि दातृ सस्थाको सहयोग विना नै आफ्नो भौतिक पुर्वाधार जुटाउन यो क्याम्पस सक्षम छ  शिक्षण सिकाई प्रक्रियालाई सरल व्यवस्थित र गुणस्तरिय बनाउन बिभिन्न दातृ सस्था निकायहरुको सहयोगको खाचो रहेको छ भने हाल यस क्याम्पसमा रहेको भौतिक अवस्था निम्न अनुसार छ ।

| क्र.स. | विवरण | परिमाण | सौजन्य |
|---|---|---|---|
| १ | क्याम्पसको नाममा रहेको जग्गा | ५–०८–०१–०३ रोपनि | पु.न.पा. १ बैतडी |
| २ | भवन | १५ कोठा ३ हल समेत भएको पक्की २ तले भवन १ वटा<br>गेट निर्माण १ वटा | गा.वि.स., जि.वि.स., चन्दा दाता,संसद विकास कोष, आन्तरिक कोष बाट UGC बाट प्राप्त सहयोग गा.वि.स.को प्राप्त सहयोग |
| ३ | शौचालय | छात्र ०१ , छात्रा ०२ , स्टाफ ०१ | आन्तरिक कोष |
| ४ | पुस्तकालय | ०१ | आन्तरिक कोष |
| ५ | फर्निचर डेस्क वेन्च | १५० थान | UGC बाट प्राप्त सहयोग |

# शैक्षिक अवस्था ( Educational Aids)

जग बलियो भए घर बलियो हुन्छ भन्ने उखानलाई मध्यनजर गरि यस क्याम्पसले वि.स. २०६५ सालमा सम्वन्धन प्राप्त गरि शिक्षाशास्त्र संकायमा शैक्षिक यात्रा सुरु गरे पश्चात हरेक वर्ष १५० देखि २०० जना विद्यार्थीहरु प्रत्यक्ष लाभान्वित भएका छन जस मध्ये हालसम्म २२० जनाले शिक्षाशास्त्र संकाय स्नातक तह पास गरि उच्च शिक्षा अध्ययनका लागि सक्षम भएका छन जन चाहना र अभिभावकको आवश्यकता र समयको मागलाई मध्यनजर गरि यस क्याम्पसले वि.स. २०७० साल देखि व्यवसायीमुखी जनसक्ति उत्पादन गर्ने पवित्र अभिलासाले व्यवस्थापन संकाय (BBS) को अधययन अध्यापन कार्य प्रारम्भ गरेको छ । क्याम्पसको शैक्षिक विकास र गुणस्तर वृद्धिका लागि सिमित स्रोत साधनका वावजुत पनि स्थापनाकाल देखि पठनपाठन देखि परिक्षा नतिजा सम्म सन्तोशजनक रहेको छ । हाल स्नातक तह (B,Ed) तर्फ अंग्रेजी अर्थशास्त्र नेपाली जनसंख्या विषय र (BBS) तर्फका कक्षाहरु संचालित छन । जस बाट आर्थिक अभावका कारण उच्च शिक्षा लिन टाढा टाढा जान नसक्ने विकट ग्रामिण क्षेत्रका छात्र छात्राहरु निकै लाभाम्वित भएका छन ।

यस क्याम्पस भित्र शैक्षिक र अतिरिक्त क्रियाकलापहरु सरल सहज स्तरिय र प्रभावकारि ढंगले सञ्चालन गर्नका लागि तपशिल का विभाग एवम् समितिहरु गठन गरिएका छन ।

१) व्यवस्थापन विभाग
२) शिक्षा विभाग
३) जन गुनासो सुनुवाइ समिति
४) UGC PMC Cell
५) EMIS Cell
६) Research Management Cell
७) पुस्तकालय विकास समिति
८) अतिरिक्त क्रियाकलाप विकास समिति
९) कक्षा व्यवस्थापन समिति
१० अभ्यास शिक्षण समिति

यस क्याम्पस संग निम्न उपकरण शैक्षिक सामाग्री एवम् सन्दर्भ सामाग्री रहेका छन ।

| विवरण | संख्या |
|---|---|
| शैक्षिक उपकरणहरु | Computer, Projector,Printer,Photocopy |
| पुस्तक | १८००। थान |
| पत्र पत्रिका /मुखपत्र | पुरचौडी दर्पण अंक ४, शैक्षिक क्यालेन्डर |
| सन्दर्भ सामाग्री | २००। थान |
| फर्निचर | १५०। थान |

# आर्थिक अवस्था (Financial Progress)

दुर्गम क्षेत्रमा अवस्थिीत यस क्याम्पस संग आफ्नो आम्दानीको प्रशस्त स्रोत नभएको र राज्यका निकायहरुबाट पनि हाल सम्म धेरै सहयोग प्राप्त गर्न नसकेकाले क्याम्पसको आर्थिक अवस्था मजबुत छैन त्यस कारण यस क्याम्पसले आर्थिक स्रोतहरुको पहिचान गरि आम्दानी वृद्धि गरि क्याम्पसलाई आर्थिक रुपमा सक्षम बनाउनु पर्ने देखिन्छ। विगत ३ वर्ष यता यस क्याम्पसको आम्दानी निम्न बमोजिम रहेको छ।

**आम्दानी विवरण**

| क्र.स. | आम्दानीका स्रोत | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| १. | विद्यार्थी शुल्क | २५७१३०४। | २४८७६७५। | २३५९७५०। |
| २. | आन्तरिक आम्दानि | १७७४००। | ११५८००। | २८२३००। |
| ३. | नियमित अनुदान आयोग | ६५००००। | ७०००००। | ७५८८२५। |
| ४. | अनुदान आयोग निर्माण | २५०००००। | १२५००००। | ५०००००। |
| | जम्मा | ५८९८७०४। | ४५५३४७५। | ३९००८७५। |

- <u>(Expenditures Analysis of the last 3 years)</u>

विगत ३ वर्ष यताको खर्च विवरण यस प्रकार रहेको छ।

**खर्च विवरण**

| क्र.स. | खर्च शिर्षक | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| १. | त.भ. | २३४९१६०। | २५२४१४०। | २३४६६४७ |
| २. | निर्माण | २८६३७२७ | १२६८०८१। | ६३७३४०। |
| ३. | पुस्तक | १०९४०। | १८२४५। | ३५८७५। |
| ४. | उपकरण | १७५४७०। | | १६०००। |
| ५. | दैनिक भ्रमण भत्ता | १३२५००। | १०८०००। | १७६८५०। |
| ६. | स्टेशनरी | २६७५५। | ११४५९। | १५३६५। |
| ७. | विविध | ३४०१५२। | ६२३५५०। | ७०१८४८। |
| | जम्मा | ५८९८७०४। | ४५५३४७५। | ३९००८७५। |

कुनै पनि संस्थाको सस्थागत विकासका लागि आर्थिक अनुशाषन र पारदर्शिता महत्वपूर्ण हुने भएकाले यस क्याम्पसले आफ्नो खर्च र आम्दानीको विवरण दोहोरो लेखा प्रणालीमा राख्ने गरेको छ। र प्रत्येक आर्थिक वर्षको अन्तमा क्याम्पस सञ्चालक समितिले ३ जनाको आ.ले प. गठन गरि आन्तरिक लेखा परिक्षण गर्ने र त्यो समितिको सुझावलाइ ध्यान दिई आम्दानी तथा खर्चको अन्तिम विवरण तयार पार्ने र त्यसलाई मान्यता प्राप्त लेखा परीक्षक बाट लेखा परिक्षण गराई निज बाट प्राप्त सुझावको आधारमा लेखा व्यवस्थापनलाई सुदृढ बनाउदै लगिएको छ । यसका साथै क्याम्पसले प्रत्येक वर्षको वार्षिक साधारण सभामा क्याम्पसको सम्पूर्ण पक्षको सार्वजनिक परिक्षण समेत गर्ने गरेको छ।

# Social Process

## Campus Involvements in social Activities

हरेक राष्ट्रको मेरुदण्ड शिक्षा हो शिक्षा विना व्यक्ति समाज र राष्ट्र अगाडी बढ्न सक्तैन समाजका सस्कृति मुल्य मान्यता लाई परिष्कृत गर्ने र सभ्य एवम् सुशिक्षित समाज निर्माण गर्न शिक्षाको अहम् भुमिका रहेको हुन्छ । समाजमा हुने हरेक गतिविधिको प्रभाव शैक्षिक सस्थामा पर्दछ भने शैक्षिक सस्था बाट उत्पादन जनसक्तिको प्रभाव समाजमा रहन्छ । समाज र शैक्षिक सस्था एक अर्काका परिपुरक हुन जान्छ । तसर्थ यस क्याम्पसले निम्न बमोजिमका गतिविधिहरु सञ्चालनमा सहयोग एवम् क्रियाकलाप गर्दै आएको छ ।

१) पुर्चौडी नगरपालिका भरिका साविकका गा.वि.स.हरुमा खुल्ला दिशा मुक्त कार्यक्रम सम्पन्न गर्न ।
२) पुर्चौडी नगरपालिका भरिमा सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने र सहयोग गर्ने ।
३) पुर्चौडी नगरपालिका भरिका साविकका गा.वि.स. हरुमा स्वास्थ्य प्रद्धर्धन एवम् सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
४) पुर्ण साक्षर नगरपालिका घोषणा गर्ने कार्यक्रम सञ्चालन गरि सहभागि हुने

## Society's Contributions For Campus

यस क्याम्पसको स्थापना देखि हाल सम्म यस क्षेत्रका समुदाय एवम् समाजमा महत्वपूर्ण भुमिका र योगदान रहदै आएको छ । यस क्याम्पसको बृद्धि विकासका लागि निम्न योगदान रहदै आएको छ ।
१) क्याम्पसका विभिन्न क्रियाकलाप जस्तै : वार्षिकोत्सव , साधारण सभा, खेलकुदमा सहभागिता
२) शैक्षिक सुधारका लागि अन्तरक्रिया ,गोष्ठी,सेमिनारमा सहयोग र सहभागिता
३) क्याम्पसको वृद्धि विकास गर्न निरन्तर छलफल र सल्लाहमा सहयोग र सहभागिता
४) अतिरिक्त क्रियाकलाप जस्तै : होली, देउसी, भैलो, धार्मिक महोत्सवमा सहयोग एवम् सहभागिता
५) स्थानिय स्रोत र साधनको उपलब्धतामा सहजता एवम् सहयोग

## Plan For Campus Contribution to Socity

सभ्य एवम् सुशिक्षित समाज निर्माण गर्न शैक्षिक सस्थाको महत्वपूर्ण योगदान हुन जान्छ तसर्थ समाजका लागि यस क्याम्पसको योगदानलाई निम्न बुदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

१) स्थानिय स्रोत सामाग्रीको सघन प्रयोग गरि गुणस्तरिय शिक्षामा जोड ।
२) उच्च शिक्षाको अवसरवाट वन्चित रहेका युवा युवतिहरुलाई दक्ष एवम् योग्य शिक्षक बाट प्राध्यापन गराई गुणस्तरिय शिक्षा प्रदान गर्नुका साथै समय सापेक्ष प्राविधिक एवम् सिपमुलक शिक्षामा सहजता कायम गर्ने ।
३) गरिव, विपन्न, दलित एवम् जेहन्दार विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरि सहजता कायम गर्ने ।

- ## Plan For Incrased Involuement of society in the Campus

पुरचौडी बहुमुखी क्याम्पस एक सामुदायिक क्याम्पस भएकाले यस क्याम्पसको भौतिक शैक्षिक तथा आर्थिक विकासमा समुदायको सहभागिता अपरिहार्य रहेको छ । समुदायको सहभागिता विना क्याम्पस सञ्चालन गर्न असम्भव भएकाले क्याम्पसमा समुदायको सहभागिता बढाउन निम्नअनुसार योजना बनाइएको छ ।

# क्याम्पस र समुदायविचको सम्वन्ध विस्तार गर्ने ।

# क्याम्पसले आयोजना गर्ने विभिन्न्न कार्यक्रमहरुमा समुदायका व्यक्तिहरुलाई आमन्त्रण गर्ने ।

# समुदाय स्तरका सार्वजनिक कार्यक्रमहरुमा कयाम्पसको सहभागिता जनाउने ।

# विभिन्न माध्यमबाट क्याम्पसका गतिविधिहरु बारे समुदायलाई जानकारी गराउने ।

- ## **क्याम्पसका सवाल र चुनौतिहरु (Issues and Challengs)**

दुर्गम क्षेत्रका उच्च शिक्षाको अवसर बाट वन्चित छात्र छात्राहरुलाई गुणस्तरिय शिक्षा दिई शिक्षामा उनिहरुको पहुच पुऱ्याउने उदेश्यले स्थापना गरिएको यस क्याम्पसका निम्न शैक्षिक सवाल र चुनौतिहरु रहेका छन ।

# सवालहरु

⇒ सर्वसुलभ तथा गुणस्तरिय शिक्षा

⇒ शिक्षामा सबैको पहुचको शुनिश्चितता

⇒ शैक्षिक रुपमा पछि परेको समुदायको उच्च शिक्षामा पहुच वृद्धि

# चुनौतिहरु

⇒ शिक्षण शिकाइमा आधुनिक प्रविधि भित्र्याउन

⇒ सुविधा सम्पन्न भौतिक व्यवस्थापन गर्न

⇒ उपयुक्त शैक्षिक सामाग्री र उपकरणको व्यवस्थापन गर्न

⇒ समय अनुकुल संकाय तथा विषय थप गर्न

⇒ गरिव विपन्न तथा दलित छात्र छात्राहरु लाई आवश्यक छात्रवृत्ति प्रदान गर्न

उपरोक्त सवालहरुलाई हल गरि चुनौतिहरुलाई पार गर्नका लागि क्याम्पसले निम्न अनुसारको योजना तथा कार्यक्रम तय गरेको छ ।

# नगरपालिका स्तरिय भेला आयोजना गरी कार्यपत्र पस्तुत गर्ने ।

# सम्भावित आम्दानिका स्रोतहरुको परिचान गर्ने ।

# विभिन्न सहयोगी निकायहरु संग सम्वन्ध विस्तार गरि सहकार्य गर्ने ।

# UGC , नगरपालिका लगायत अन्य सरकारी निकाय संग अनुदान प्राप्त गर्न अनुरोध गर्ने ।